निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मितिः २०७४/०२/०१

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मतदाताहरुको व्यापक सहभागितामा स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भएको व्यहोरा विधितै छ । निर्वाचनको क्रममा एकाध स्थानमा निर्वाचन विरोधीहरुबाट मतपेटिका लुट्ने, तोडफोड गर्ने र आगजानी गर्ने कार्य भएकोमा निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

ने.क.पा (विप्लव समूह) ले २०७४/१/३१ गते १७:३० बजेको समयमा जिल्ला कालिकोट, नरहरीनाथ गाउँपालिका वडा नं ६ स्थित नन्दादेवी मा.वि, सेरापाटा मतदान स्थलको मतपेटिका मतगणना स्थलतर्फ लैजादै गर्दा ढुङ्गामुढा प्रहार गर्दै मतपेटिका कब्जामा लिने, मतदान कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी उपर सांघातिक हमला गरेकाले सुरक्षाकर्मीले चलाएको गोलीवाट नरहरिनाथ गाउँपालिका वडा नं.-६ निवासी राष्ट्रिय प्रजातन्त्र पार्टीका सोही वडाका वडाध्यक्षका उम्मेदवार बर्ष ४३ का धनरुप बटालाको निधन भएको । आक्रमणकारीवाट प्रहरी कर्मचारीहरु घाइते भई ३ जनालाई उपचारार्थ क्षेत्रीय अस्पताल, सुर्खेतमा लगिएको छ ।

यसरी नै मिति २०७४/१/३१ गते १४:५५ बजे दोलखा जिल्लाको मेलुङ्ग गाँउपालिका वडा नं १ पवटीस्थित सत्तेश्वर मा.वि मतदान केन्द्रमा पनि अज्ञात समूहबाट मतपेटिका लुट्ने प्रयास भएको, मतदान कार्यमा खटिएका कर्मचारी, सुरक्षाकर्मी माथि सांघातिक हमला भएपछि सुरक्षाकर्मीले चलाएको गोलीबाट नकुल भुजेलको घटनास्थलमा नै मृत्यु भएको छ । घाइते १० जनालाई उपचारार्थ शिक्षण अस्पताल काठमाडौंमा भर्ना गरिएको छ ।

स्थानीय तहको ऐतिहासिक निर्वाचनमा निर्वाचन विरोधी क्रियाकलाप गरी जनताको अभिमतको उपेक्षा र निषेध गर्ने, आतङ्क फैलाउने जस्ता अप्रजातान्त्रिक गतिविधि र क्रियाकलापको भएकोमा निर्वाचन आयोग अन्यन्त गम्भीर र सम्वेदनशील भएको छ । यस्ता अवान्छित क्रियाकलाप गर्न नदिन सरकारले समयमा नै यथेष्ट ध्यान पुऱ्याउने छ भन्ने आयोगले अपेक्षा गरेको छ । मतदान र मतपेटिका ढुवानी लगायतका कार्यहरुमा संलग्न कर्मचारी तथा सुरक्षाकर्मी माथि भएको हमलाप्रति आयोग घोर आपत्ति प्रकट गर्दछ र निर्वाचन कार्यमा अहोरात्र खटिएका कर्मचारी तथा सुरक्षाकर्मीको प्रशंसा गर्दै उच्च मनोवलका साथ निर्वाचन कार्य समयमै सम्पन्न गर्न आयोग सम्पूर्ण सरोकारवालाहरुसँग आग्रह गर्दछ ।

यस्ता क्रियाकलाप गर्न नदिन सरकारले समयमा नै ध्यान पुऱ्याउने नै छ र मत गणना, परिणाम घोषणा तथा तत्पश्चातको अवधिमा पनि सुरक्षाको आवश्यक व्यवस्था मिलाउनेमा आयोग विश्वस्त रहेको छ । आयोग घाइते कर्मचारीहरु एवं सुरक्षाकर्मीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ र दिवंगत हुनुभएका व्यक्तिप्रति हार्दिक श्रद्धान्जली र शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।

सूर्य प्रसाद शर्मा
सह-सचिव एवम् प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३। फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np

"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौ ।"